# प्रदेश युवा परिषद् नियमावली, २०७७

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा ,बागमती प्रदेश

# <u>प्रदेश युवा परिषद् नियमावली, २०७७</u>

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०७७।०४।२१

प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा ३१ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश युवा परिषद् नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उपाध्यक्ष "भन्नाले परिषद्को उपाध्यक्ष सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले प्रदेश युवा परिषद् ऐन, २०७६ सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले ऐनको दफा ५ बमोजिमको प्रदेश युवा परिषद् सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले युवा क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले ऐनको दफा १० बमोजिमको कार्यकारी समिति सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

३. **<u>परिषद्को अन्य काम, कर्तव्य र अधिकार</u>**: ऐनको दफा ६ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त परिषद्को अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयले नियुक्त गरेका प्रदेश विकास स्वयमसेवकहरुको परिचालन, अनुगमन र मूल्याङ्कन गर्ने,

(ख) युवाको क्षेत्रमा कार्य गर्ने संघ संस्थाहरुसँग सहकार्य गर्न प्रदेशभित्र युवाको विकासमा कार्य गर्ने गैरसरकारी संस्थाहरुलाई परिचालन गर्ने सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने,

(ग) दुर्व्यसनीमा लागेका युवाहरुलाई पुनर्स्थापना गर्न तत्सम्बन्धी संघ वा संस्थासँग सहकार्य गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने,

(घ) युवाको मनोवृत्तिमा सकारात्मक परिवर्तन गर्न युवा जागरण तथा सचेतना अभियान सञ्चालन गर्ने।

४. **<u>उपाध्यक्षको सेवा, शर्त र सुविधा</u>**: (१) उपाध्यक्ष परिषद्को पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपाध्यक्षले परिषद्को कामको सिलसिलामा नेपालभित्र जानु पर्दा परिषद्को अध्यक्षबाट र नेपाल बाहिर जाँदा प्रदेश सरकारबाट स्वीकृति लिनु पर्नेछ।

(३) उपाध्यक्षले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरु तलब स्केल बराबरको पारिश्रमिक पाउँनेछ।

(४) परिषद्ले उपाध्यक्षलाई एघारौं तहका अधिकृत कर्मचारी सरह सवारी साधन, चालक र इन्धन सुविधा उपलब्ध गराउनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपाध्यक्षलाई यस नियमावलीमा तोकिए बाहेकको अन्य कुनै पनि प्रकारको प्रोत्साहन भत्ता लगायत थप सुविधाहरु दिइने छैन।

५. <u>**जिल्ला युवा समितिका अध्यक्षको सेवा शर्त र सुविधा**</u>ः (१) जिल्ला युवा समितिको अध्यक्षले सञ्चार र यातायात खर्च बापत प्रत्येक महिना बीस हजार रुपैयाँ पाउनेछन्।

(२) जिल्ला युवा समितिको अध्यक्ष नियमित रुपमा जिल्ला स्थित युवा क्षेत्र हेर्ने कार्यालयमा उपस्थित भई कार्य सम्पादन गर्नु पर्नेछ।

६. <u>**उपाध्यक्ष तथा जिल्ला युवा समितिका अध्यक्षले पाउने बिदा**</u>ः उपाध्यक्ष तथा जिल्ला युवा समितिका अध्यक्षले देहायको बिदा देहाय बमोजिम पाउनेछः-

(क) भैपरी आउने तथा पर्व बिदाः भैपरी आउने बिदा छ दिन र पर्व बिदा छ दिन गरी जम्मा बाह्र दिन,

(ख) बिरामी बिदाः प्रत्येक बर्ष बाह्र दिनका दरले,

(ग) महिला उपाध्यक्ष तथा जिल्ला युवा समितिका अध्यक्ष गर्भवती भएमा सेवा अवधिभर बढीमा दुई पटकसम्म सुत्केरी अघि वा पछि गरी अन्ठानब्बे दिन प्रसूति बिदा पाउनेछन्,

(घ) पुरुष उपाध्यक्ष तथा जिल्ला युवा समितिका अध्यक्षको पत्नी सुत्केरी हुने भएमा सेवा अवधिभर बढीमा दुई पटकसम्म निजले सुत्केरीको अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार बिदा पाउनेछ,

(ङ) किरिया बिदाः आफ्नो कुल धर्म अनुसार उपाध्यक्ष तथा जिल्ला युवा समितिका अध्यक्ष आफैं किरिया

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

बस्नु परेमा निजले बढीमा पन्ध्र दिन किरिया बिदा पाउनेछ,

(च) यस नियम बमोजिम उपाध्यक्ष तथा जिल्ला युवा समितिका अध्यक्षले पाउने भैपरी आउने बिदा तथा पर्व बिदा र बिरामी बिदा सञ्चित हुने छैन ।

(छ) उपाध्यक्ष तथा जिल्ला युवा समितिका अध्यक्षले भैपरी आउने बिदा र पर्व बिदा आफैं स्वीकृत गर्न सक्नेछन्।

तर अन्य बिदा लिनु परेमा उपाध्यक्षको हकमा परिषद्को अध्यक्षबाट र जिल्ला युवा समितिका अध्यक्षको हकमा उपाध्यक्षबाट बिदा स्वीकृत गराउनु पर्नेछ।

७. **<u>युवा सम्बन्धी क्लब, संघ वा संस्था आवद्धता तथा नवीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) ऐनको दफा १६ बमोजिम परिषद्मा आवद्ध हुन चाहने संघ वा संस्थाले देहायका कागजातहरु संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा परिषद्को सचिवालयमा निवेदन दिनु पर्नेछः-

(क) संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विधान वा प्रबन्धपत्र,

(ग) संघ वा संस्थाको अघिल्लो आर्थिक वर्षको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

(घ) संस्थाको अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर परिषद्ले आवश्यक जाँचबुझ गर्दा निवेदक संघ वा संस्थालाई परिषद्मा

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

आवद्धता प्रदान गर्न उपयुक्त देखिएमा तीन हजार रुपैयाँ दस्तुर लिई अनुसूची-२ बमोजिमको ढाँचामा आवद्धताको प्रमाणपत्र दिइनेछ।

(३) परिषद्मा आवद्ध भएका संघ वा संस्थाले आफ्नो आवद्धता कायमै राख्न चाहेमा त्यस्तो आवद्धताको अवधि सकिनु भन्दा पन्ध्र दिन अगावै नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा परिषद्मा  निवेदन दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिने निवेदनको साथमा देहायका कागजात पेश गर्नु पर्नेछ :-

(क) संघ वा संस्थाले नवीकरण वा बहाल रहने अवधि पुष्टि गर्ने प्रमाणको प्रतिलिपि,

(ख) क्लब, संघ वा संस्थाको वार्षिक लेखापरीक्षण प्रतिवेदन,

(ग) करचुक्ताको प्रमाण पत्र,

(घ) परिषद्ले तोकेको अन्य कागजात।

(५) उपनियम (३) बमोजिमको आवद्धता नवीकरण गराउनका लागि दिएको निवेदन जाँचबुझ गर्दा परिषद्ले उपयुक्त देखेमा तीन हजार रुपैयाँ नवीकरण दस्तुर लिई निवेदक संघ वा संस्थाको आवद्धता नवीकरण गरी दिनेछ ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र आवद्धता नवीकरण गराउन नसक्ने संघ वा संस्थाले त्यसको मनासिब कारण देखाई सो अवधि समाप्त भएको मितिले तीन महिनाभित्र नवीकरणको लागि अनुसूची-३ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

(७) उपनियम (६) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा मनासिब देखिएमा परिषद्ले उपनियम (५) बमोजिम लाग्ने नवीकरण दस्तुरमा त्यस्तो दस्तुरको पचास प्रतिशत थप दस्तुर लिई त्यस्तो संघ वा संस्थाको आवद्धता नवीकरण गरी दिनु पर्नेछ।

८. **आवद्धता रद्द सम्बन्धी व्यवस्थाः** (१) देहायको अवस्थामा परिषद्मा आवद्ध भएका संघ वा संस्थाको आवद्धता स्वतः रद्द भएको मानिनेछ :-

(क) प्रचलित कानून बमोजिम संघ वा संस्थाको विघटन भएमा,

(ख) नियम ७ बमोजिमको अवधिभित्र आवद्धता नवीकरण नगराएमा,

(२) देहायको अवस्थामा परिषद्ले आफूसँग आवद्ध भएका संघ वा संस्थाको आवद्धता रद्द गर्न सक्नेछ :-

(क) वार्षिक लेखापरीक्षण नगराएमा,

(ख) संघ वा संस्थाको विधानमा संशोधन भई कार्यक्षेत्रमा युवा क्षेत्र नरहने भएमा,

(ग) संघ वा संस्थाको रकम हिनामिना गरेमा,

(घ) आफ्नो उद्देश्य अनुरुप काम कारबाही गरेको नपाइएमा,

(ङ) परिषद्को हित विपरीतको कुनै कार्य गरेमा वा परिषद्लाई हानि नोक्सानी पुऱ्याएमा,

(च) परिषद्ले आवद्धता दिँदाको शर्त तथा परिषद्को सहयोग र सहकार्यमा गरिने कुनै कामको सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(छ) कुनै राजनीतिक दलसँग आवद्ध भएमा,

(ज) राष्ट्रिय एकता तथा सामाजिक सदभाव खलबलिने कार्य गरेमा।

(३) यस नियम बमिजिम आवद्धता रद्ध गर्नु पूर्व परिषद्ले त्यस्तो संघ वा संस्थालाई सात दिनको समय दिएर सफाइको मौका दिनु पर्नेछ।

९. **<u>आय व्ययको विवरण राख्नु पर्ने</u>:** (१) परिषद्मा आवद्ध संघ वा संस्थाले आफूले प्राप्त रकमको आय व्ययको विवरण राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको विवरण परिषद्ले तोकेको समयभित्र परिषद् समक्ष पेश गर्नु पर्नेछ।

(३) आफूसँग आवद्ध संघ वा संस्थाहरुले उपनियम (१) बमोजिम राखेको आय व्ययको विवरण परिषद्ले जुनसुकै समयमा जाँच गर्न, गराउन सक्नेछ।

(४) परिषद्ले उपनियम (३) बमोजिम संघ वा संस्थाको आय व्ययको विवरण जाँच गर्दा कुनै अनियमितता वा हिनामिना भएको देखिएमा त्यसरी अनियमित वा हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ।

१०. **<u>आचरण सम्बन्धी व्यवस्था</u>:** (१) परिषद्, कार्यकारी समिति, जिल्ला युवा समितिमा नियुक्त हुने तथा मनोनयन हुने पदाधिकारीहरुले देहायका आचरण पालना गर्नु पर्नेछः-

(क) पदाधिकारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारिता र तत्परताकासाथ पालना गर्ने,

(ख) संस्थाभित्र र बाहिर उचित आदर र व्यवहार गर्ने,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(ग) आफ्नो जिम्मेवारी सम्बन्धी कुरामा मतलव साध्ने मनसायले कसैमाथि अवाञ्छनीय प्रभाव नपार्ने,

(घ) पूरा समय काम गर्ने पदाधिकारीले राजनीतिमा भाग नलिने,

(ङ) सरकारको नीति विपरीत हुने गरी कुनै गतिविधि नगर्ने,

(च) आफूलाई अख्तियारी नभएको विषयमा आफूलाई जानकारीमा आएको सरकारी काम काज सम्बन्धी विषयहरु अनाधिकृत रुपमा प्रचार प्रसार नगर्ने, नगराउने,

(छ) आफ्नो जिम्मेवारीको कामलाई असर पर्न सक्ने गरी आफू र परिवारका कुनै सदस्यबाट कुनै प्रकारको उपहार, कोसेली सापटी, चन्दा नलिने लिन नलाउने,

(ज) पूरा समय काम गर्ने पदाधिकारीले आफ्नो पदावधिमा कुनै पनि राजनीतिक वा संस्थागत पदको लागि हुने निर्वाचनमा उम्मेदवार हुन वा मत नमाग्ने,

(झ) पदाधिकारीले यौनजन्य दुर्वयवहार र घरेलु हिंसा सम्बन्धी कार्य नगर्ने नगराउने,

(ञ) आफ्नो पदीय जिम्मेवारीलाई निष्पक्ष, स्वच्छ, छिटो छरितो तथा शिष्टतापूर्वक परिपालना गर्ने,

(ट) आफ्नो सेवा र पद अनुकूलको मर्यादित आचारणमा रही सार्वजनिक सम्पतिको संरक्षण र उपयोगमा उचित व्यवहार प्रर्दशन गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ठ) ऐन तथा यस नियमावली बमोजिम तोकिएको जिम्मेवारी तोकिएको समयमानै गर्ने,

(ड) प्रचलित कानून विपरीत कुनै कार्य नगर्ने।

(२) यस नियम विपरीत आचरणको कार्य गर्ने गराउने परिषद्, कार्यकारी समिति, जिल्ला युवा समितिमा नियुक्त हुने तथा मनोनयन हुने पदाधिकारीहरुलाई ऐन बमोजिम निर्धारित कारबाही गरिनेछ।

(३) ऐन बमोजिम परिषद्, कार्यकारी समिति, जिल्ला युवा समितिमा नियुक्त हुने तथा मनोनयन हुने पदाधिकारीहरुलाई आचरण सम्बन्धी कारबाही गरी पदबाट हटाउँदा यस नियममा उल्लिखित आचरणलाई आधार मान्नु पर्नेछ।

११. **संगठन संरचना व्यवस्थाः** परिषद्को संगठन संरचना आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकारले स्वीकृत गरे बमोजिम हुनेछ।

१२. **बैठक भत्ताः** (१) परिषद्का अध्यक्ष र सदस्य तथा समितिका संयोजक र सदस्यहरुले बैठकमा भाग लिए बापत प्रचलित नियमानुसारको बैठक भत्ता पाउनेछन्।

(२) जिल्ला युवा समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यले बैठकमा भाग लिए बापत प्रति बैठक एक हजार पाँच सय भत्ता पाउनेछन्।

(३) उपनियम (१) र (२) बमोजिमका पदाधिकारी रहेको समितिको बैठक महिनामा तीन पटक भन्दा बढी बसेमा थप बैठकको बैठक भत्ता प्राप्त हुने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१३. **<u>शपथग्रहण सम्बन्धी व्यवस्था</u>**: ऐनको दफा २६ बमोजिमको पदाधिकारीले आफ्नो कार्यभार सम्हाल्नु अघि ऐनले तोकेको ढाँचामा देहाय समक्ष शपथग्रहण गर्नु पर्नेछः-

(क) परिषद्का उपाध्यक्ष र मनोनीत सदस्यले परिषद्को अध्यक्षसमक्ष,

(ख) जिल्ला युवा समितिका अध्यक्ष र मनोनीत सदस्यले परिषद्को उपाध्यक्षसमक्ष।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-१

(नियम ७ को उपनियम (१) सँग सम्बन्धित)

**प्रदेश युवा परिषद्मा आवद्धताको लागि दिइने निवेदनको ढाँचा**

मितिः ........................

श्री प्रदेश युवा परिषद्,
बागमती प्रदेश,...............।

**विषय : परिषद्मा आवद्ध हुन पाऊँ।**

प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा १६ तथा प्रदेश युवा परिषद् नियमावली, २०७७ को नियम ७ को उपनियम (१) बमोजिम परिषद्सँग आवद्ध हुन चाहेकोले देहायको विवरण खुलाई तथा कागजात संलग्न गरी तोकिएको दस्तुर सहित आवद्धताका लागि यो निवेदन पेश गरेको छु। परिषद्सँग आवद्धता भए बापत पालन गर्नुपर्ने शर्तको पालना गर्न मञ्जुर छु।

१. क्लब/संघ वा संस्थाको नाम :

२. क्लब/संघ वा संस्थाको ठेगाना :

(क) गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाः

(ख) जिल्ला : ........................ (ग) फोन नं.: ...............

(घ) फ्याक्स नं.: ...................... (ङ) इमेलः....................

(च) वेवसाइट : ............................

३. संघ वा संस्थाको उद्देश्य :

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि :

५. संघ वा संस्थाको कार्य समितिका सदस्यहरुको नाम र ठेगाना :

(क)

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(ख)

(ग)

(घ)

(ङ)

६. संलग्न कागजातहरु:

(क) संघ वा संस्था दर्ताको प्रमाणपत्र,

(ख) सञ्चालन गरिने कार्यक्रम,

(ग) निवेदक संघ वा संस्थाको विधान प्रतिलिपि,

(घ) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) संघ वा संस्थाको तर्फबाट आवद्धताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि।

संस्थाको छाप :

निवेदकको नाम थर :

दस्तखत :

पद :

संघ वा संस्थाको नाम :

ठेगाना :

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-२

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

**<u>प्रदेश युवा परिषद्मा आवद्ध संघ तथा संस्थाको प्रमाणपत्रको ढाँचा</u>**

प्रदेश युवा परिषद्

बागमती प्रदेश

**<u>आवद्धताको प्रमाणपत्र</u>**

श्री............................................लाई प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा १६ तथा प्रदेश युवा परिषद् नियमावली, २०७७ को नियम ७ को उपनियम (२) बमोजिम परिषद्को कार्यकारी समितिको मिति.................. को निर्णय बमोजिम यो आवद्धताको प्रमाणपत्र प्रदान गरिएको छ।

१. आवद्धता नम्बर :

२. आवद्धता कायम रहने अवधिः मिति ........... सम्म कायम रहनेछ।

परिषद्को छाप

प्रमाणपत्र जारी गर्ने अधिकारीको

नाम, थर :-

पद :-

मिति :-

पछाडिपट्टी

नवीकरण सम्बन्धी विवरणः

| सि.नं. | नवीकरण गर्ने कर्मचारी | दर्जा | दस्तखत | मिति | जारी अवधि | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची-३

(नियम ७ को उपनियम (३) सँग सम्बन्धित)

**<u>आवद्धता नवीकरण गराउनको लागि दिने निवेदनको ढाँचा</u>**

मिति:......................

श्री प्रदेश युवा परिषद्,
बागमती प्रदेश, ............।

**विषय : <u>आवद्धता नवीकरण गरी पाउँ</u>।**

यस संघ/संस्थाको प्रदेश युवा परिषद्सँगको आवद्धता कायम रहने अवधि मिति .................. मा समाप्त हुने भएकोले प्रदेश युवा परिषद् नियमावली, २०७७ को नियम ७ को उपनियम (३) बमोजिम आवद्धता नवीकरण गराउन तोकिएको दस्तुर सहितयो निवेदन पेश गरेको छु।

**<u>संलग्न कागजातहरु</u>:**

(क) परिषद्मा आवद्ध भएको प्रमाणपत्रको सक्कलै र एक प्रति प्रतिलिपि,
(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,
(ग) संघ वा संस्थाको नवीकरण बहाल रहने अवधि देखिने प्रमाणपत्रको प्रतिलिपि,
(घ) करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ङ) पछिल्लो दुई वर्षमा सम्पादन गरेका मुख्य-मुख्य कार्यको विवरण,

संस्थाको छाप

निवेदकको
नामथर :
दस्तखत :
पद :
संघ वा संस्थाको नाम :
ठेगाना :

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश